म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १५६ सोमबार १ माघ २०८० ने. सं. ११४४ पोहेलाथ्व 15 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**भूकम्पको जोखिमबाट बच्ने उपाय**

- भूकम्पको जोखिम र त्यसबाट बच्ने उपायबारे जानकारी आदानप्रदान गरौं,
- घरभित्रका फर्निचर, सजावटका सामान, पानी ट्याङ्की नहल्लने र नखस्ने गरी बलियोसँग राखौं,
- घर, स्कूल तथा कार्यालयमा भूकम्पको समयमा सुरक्षित रहन सकिने स्थानको पहिचान गरौं,
- भूकम्पको समयमा आत्तिएर भाग्ने वा दगुर्ने नगरौं,
- भूकम्पको बेला खुल्ला र सुरक्षित स्थानमा जाऔं,
- प्राथमिक स्वास्थ्य उपचारको विषयमा जानकारी राखौं,
- आफू सुरक्षित भई अरुको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमती प्रदेशमा अझै १५ प्रतिशत निरक्षर

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/खुला दिसामुक्त, खुला चरिचरणमुक्त, धुवाँमुक्त, खरको छानोमुक्त, पूर्ण खोपयुक्त जस्ता अभियान घोषणापछिका दिनमा खासै चासो दिइएको पाईदैन । बालमैत्री स्थानीय तह घोषणा भएका कतिपय स्थानीय तहमा अझै सबै सूचक पूरा हुन सकेका छैनन् ।

त्यस्तै, बागमती प्रदेशलाई साक्षर प्रदेश बनाउने दुईवर्ष अघिको घोषणा पनि यस्तै भएको छ । साक्षर प्रदेश घोषणाले निरन्तरता पाउन सकेको छैन । घोषणामा नै सीमित बनेको छ । २ वर्ष अघि बागमती प्रदेश सरकारले साक्षर प्रदेश घोषणा गरेपनि निरन्तरताका विषयमा कुनै योजना नहुँदा घोषणामै सीमित भएको हो । साक्षर प्रदेश घोषणा गरेपछि त्यसको निरन्तरताका लागि गर्नुपर्ने कार्यक्रम संचालन हुन नसक्दा अभियान प्रभावकारी बन्न सकेन ।

नेपाल सरकारले पहिलो पटक २०६५ सालमा साक्षरता अभियान सुरुवात गरेको थियो । त्यतिबेला दुई वर्षभित्र निरक्षरता उन्मूलन गर्ने लक्ष्य राखिएको थियो । नेपालका अझै एकदर्जन जिल्ला साक्षर घोषणा हुन बाँकी छ । मधेश प्रदेशका ८ जिल्ला (धनुषा, बारा, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, सिरहा, सप्तरी) र कर्णाली प्रदेशका ५ जिल्ला (मुगु, जुम्ला, कालीकोट, हुम्ला, डोल्पा) पूर्णसाक्षर घोषणा हुन सकेका छैनन् । ६४ जिल्ला साक्षर घोषणा गरिएको छ । देशभर एक सय ६१ पालिका अझै साक्षर घोषणा हुन बाँकी छ ।

कुल जनसंख्याको न्यूनतम ९५ प्रतिशत साक्षर भएका जिल्ला, पालिका वा प्रदेशलाई साक्षर घोषणा गर्न सकिने संयुक्त राष्ट्रसंघको विश्वव्यापी मान्यता छ । सरकारले आर्थिक वर्ष २०८०/८१ भित्र नेपाललाई साक्षर नेपाल घोषणा गर्ने लक्ष्य राखेको छ । बागमती प्रदेशको शिक्षा तथा मानव स्रोतविकास केन्द्रको पछिल्लो तथ्यांक अनुसार पाँच वर्षमाथिको साक्षरता दर ७६ दशमलव २ प्रतिशत छ । त्यस्तै, १५ देखि ६० वर्षसम्मको साक्षरता दर ८५ प्रतिशत मात्र छ ।




गत २०७८ असोज ११ मा बागमती प्रदेशलाई पहिलो साक्षर प्रदेश घोषणा गरिएको थियो । प्रदेशको सामाजिक विकास मन्त्रालयले आयोजना गरेको कार्यक्रममा तत्कालीन मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले बागमतीलाई साक्षर प्रदेश घोषणा गरेकी हुन् । ४ असोज २०७८ मा काठमाडौंलाई साक्षर जिल्ला घोषणा गरेसँगै प्रदेशलाई साक्षरता घोषणा गरिएको हो । घोषणाको २ वर्षपछि बागमती प्रदेशको साक्षरता दर कति छ ? भन्ने विषय निर्देशनालयलाई नै जानकारी छैन । प्रदेशका १३ जिल्लामध्ये सिन्धुपाल्चोक पहिलो साक्षर जिल्ला घोषित भएको थियो ।

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयमा साक्षर बागमती प्रदेश घोषणा २०७८ लेखिएको स्तम्भ अनावरण गर्दै तत्कालीन मुख्यमन्त्री शाक्यले साक्षर प्रदेश घोषणा गरेकी थिइन् । मन्त्रालय परिसरमा शिक्षाको प्रतीकका रुपमा १३ ओटा बिरुवा पनि रोपिएको थियो । साक्षर प्रदेश घोषणापश्चात् प्रदेश सरकारले निरन्तरताको कार्यक्रम ल्याउन नसक्दा साक्षर प्रदेश घोषणामै सीमित बन्यो । तत्कालीन समयमा सामाजिक विकास मन्त्रालयले युनेस्कोको परिभाषा अनुसार बागमती प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने निर्णय गरेको हो ।

सामाजिक विकास मन्त्रालयले प्रदेशमा १५ देखि ६० वर्षबीचका ९५ प्रतिशतभन्दा बढी नागरिक साक्षर भइसकेकाले सकारात्मक सन्देश प्रवाह गर्न भन्दै बागमतीलाई साक्षर प्रदेश घोषणा गरेको थियो । मन्त्रालयका अनुसार घोषणाका समयमा प्रदेशमा निरक्षर रहेका नागरिकलाई साक्षर बनाउने कार्यलाई तीव्रताका साथ पहल गरिने जनाइएको थियो । घोषणाका समयमा प्रदेशका १३ जिल्लामध्ये ललितपुरमा सतप्रतिशत साक्षर रहेको मन्त्रालयको तथ्यांक थियो ।

मन्त्रालयको तथ्यांक अनुसार तत्कालीन समयमा धादिङमा ९८.४० प्रतिशत, मकवानपुरमा ९८.९७ प्रतिशत, चितवनमा ९७.५० प्रतिशत, नुवाकोटमा ९८.१९ प्रतिशत, भक्तपुरमा ९६.७० प्रतिशत साक्षरता रहेको थियो भने रामेछापमा ९६.४० प्रतिशत, सिन्धुलीमा ९९.१३ प्रतिशत, रसुवामा ९६.२९ प्रतिशत, काभ्रेमा ९६.४८ प्रतिशत, काठमाडौंमा ९६.८८ प्रतिशत र सिन्धुपाल्चोकमा ९७.६८ प्रतिशत र सबैभन्दा कम दोलखामा ९५.३७ प्रतिशत साक्षरता रहेको थियो ।

साक्षर प्रदेश घोषणासँगै निरन्तरता दिने र साक्षरता दर वृद्धिका लाग लगानी बढाउनु पर्ने थियो । तर, यो विषयमा प्रदेश सरकारले त ध्यान दिएको छैन नै । मन्त्रालय र विषयगत कार्यालयले पनि चासो देखाएका छैनन् । प्रदेश सरकारले प्रदेशभित्र बाँकी निरक्षरलाई साक्षर बनाउन जीवन र जगतको बोध, दैनिक जीवनयापनका लागि सीपको विकास र ज्ञान प्रस्फुटनको लागि विश्वव्यापी, ज्ञानसीप, प्रविधि र सिकाइमा रहेर साक्षर बनाउनुपर्ने थियो । निरक्षर नागरिकका लागि तीनै तहका सरकारले क्षमता विकास र सीप सिकाइका योजना लागू गरी औपचारिकशिक्षामा जोड्नु पर्ने थियो ।

घोषणाको २ वर्षपछि बागमती प्रदेशको साक्षरता दर कति भन्ने विषय निर्देशनालयलाई नै जानकारी छैन । निर्देशनालयका सूचना अधिकारी धनश्याम खनालका अनुसार साक्षर प्रदेश घोषणा पश्चात् मन्त्रालयले यो विषयमा बजेट व्यवस्था गरेर कार्यान्वयनमा जानुपर्ने थियो तर, त्यसो हुन सकेको छैन । सरकारले बजेटमा साक्षरता बृद्धिको कुनै पनि शीर्षक नराखेको उनले बताए । साक्षर प्रदेश घोषणापश्चात् निरक्षर नागरिकलाई सामुदायिक सिकाइकेन्द्र सञ्चालन गर्नुपर्ने उनले बताए । तर, सरकारले सामुदायिक सिकाइकेन्द्र सञ्चालनका लागि कुनै बजेट व्यवस्था गरिएन । साक्षर प्रदेशको निरन्तरतामा समस्या भएको उनले बताए । बागमती प्रदेशको साक्षरताको वर्तमान अवस्थाका बारेमा पनि मन्त्रालयसँग कुनै तथ्यांक छैन ।

'साक्षर प्रदेश घोषणा पश्चात् हामीलाई मन्त्रालयले बजेट नै दिएको छैन । बजेट नै नआएपछि कार्यक्रम हुने कुरै भएन । सरकारले प्रदेशका निरक्षर नागरिकलाई लक्षित गरी शिक्षण सिकाइ कार्यक्रम समुदायमा कार्यान्वयन गर्नुपर्ने हो । तर, यो शीर्षकमा कुनै बजेट आएको छैन ।' खनालले भने, 'सामुदायिक शिक्षण सिकाइकेन्द्र स्थानीय तहअन्तर्गत रहेका छन् । हामीले कार्यक्रम स्थानीय निकायबाट कार्यान्वयन गर्नुपर्ने हो । हामीले मन्त्रालयमा बजेट बनाएर पठाएका हौं । तर, बजेट कटौती भयो । निर्देशनालयबाट यो विषयमा कार्यक्रम सञ्चालन गर्न स्थानीय तह र सामुदायिक शिक्षण सिकाइकेन्द्रलाई पत्राचार पनि गरेका छौं । काम भने भएको छैन ।'

## हेटौंडा जेसीजमा नयाँ कार्यसमितिको पदस्थापना

साझाकुरा संवाददाता




हेटौंडा, २९ पुस/हेटौंडा जेसीजको ४६ औं पदस्थापना तथा पुरस्कार वितरण कार्यक्रम भएको छ । पुष १४ गते भएको निर्वाचनबाट निर्वाचित वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठसहित जेसीज टिमको पदस्थापना भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले स्थापना कालदेखि नै जेसीजले युवाको व्यक्तित्व, नेतृत्व विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएकोमा खुसी व्यक्त गरे । उनले जेसीजमा विधिको शासन, बन्धुत्वको भावना प्रष्ट देखिएको भन्दै जेसीजको एक व्यक्ति, एक पद र एक कार्यकालको अवधारणा निकै राम्रो भएको उल्लेख गरे ।

कार्यक्रममा सामुदायिक विद्यालयतर्फबाट एसइइ परीक्षामा जिल्लामै उत्कृष्ठ नतिजा ल्याउन सफल आधुनिक राष्ट्रिय माविकी छात्रा अन्सु कुमारीलाई नगद १० हजार १११ सहित सम्मान गरिएको थियो । त्यस्तै पत्रकारिता क्षेत्रमा क्रियाशील रिपोटर्स क्लब नेपाल मकवानपुरका अध्यक्षसमेत रहेका अन्नपूर्ण पोष्टकर्मी बलराम पुडासैनीलाई नगद ५ हजार ५५५ सहित सम्मान गरिएको थियो ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष श्रेष्ठले उद्यमशीलताको विकास र युवामैत्री वातावरण बन्नुपर्नेमा जोड दिए । साथै युवाको रचनात्मकता र सृजनशीलतालाई विकास गर्न बहु आयामिक पहलकदमीको आवश्यकतालाई औंल्याउँदै अब राज्य र युवाबीचको प्रभावकारी समन्वय र सहकार्य आवश्यक रहेको बताए । कार्यक्रममा वर्ष २०२३ का अध्यक्ष श्रवणकुमार बर्तौलाले आफ्नो कार्यकालमा सहयोग पुऱ्याउनेलाई मायाको चिनो वितरण गरेका थिए ।

कार्यक्रम बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँ, जेसीजका निवर्तमान राष्ट्रिय अध्यक्ष विकास मानन्धर, पूर्वअध्यक्ष अरुणेश्वर खनाल, वर्तमान कार्यकारिणी उपाध्यक्ष अनुप सुनुवारलगायतले नयाँ कार्यसमितिलाई बधाई ज्ञापन गरे । पदस्थापनापश्चात अध्यक्ष श्रेष्ठले विस्तार गरेको ३५ जनाको कार्यसमितिले पद र गोपनीयताको सपथ लिएको छन् ।

## नेपाल आइडलको अडिसन तयारी तीव्र

साझाकुरा संवाददाता




हेटौंडा, २९ पुस/ नेपालको चर्चित गायन रियालिटी शो नेपाल आइडलको पाँचौ सिजनको हेटौंडा अडिसन माघ २ गते हुने भएको छ । अडिसनको तयारी तीव्र पारिएको छ ।

हेटौंडा उपमहानगर पालिका-९, स्थित कृष्ण आदर्श ईङसलिस बोर्डिङ स्कुलमा हुने अडिसनको तयारी अन्तिम चरणमा रहेको आयोजकले बताएको छ । २१ पुसदेखि झापाबाट सुरु भएको सिजन ५ को अडिसन हेटौंडामा हुने भएपछि यस क्षेत्रका संगीतप्रेमीहरु उत्साहित छन् ।

नेपाल आइडल सिजन ५ मा न्ह्यू बज्राचार्य, इन्दिरा जोसी र कालीप्रसाद बाँस्कोटा निर्णायकको भूमिकामा रहेका छन् । नेपाल आइडल गायकको खोजी गर्ने उपयुक्त प्लेटफर्म हो । नेपाल आइडल सिजन १ देखि ४ सम्मका विजेता क्रमशः बुद्ध लामा, रवि ओड, सज्जा चौलागाईं र भूपेन्द्र थापामगर हुन् ।

## हत्यामा दोषी ठहरिएका थाहाका दुईजना १७ वर्षपछि पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/व्यक्ति हत्यामा दोषि ठहरिएका मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगर पालिका घर भएका दुईजना फरार प्रतिवादीलाई मकवानपुर प्रहरीले १७ वर्षपछि पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मकवानपुर जिल्ला थाहा नगरपालिका-१२ स्थित गैरीगाउँका ४५ वर्षीय रामचन्द्र स्याङ्तान र ५० वर्षीय कालु गोले रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । जिल्ला अदालतले हत्या अभियोग प्रमाणित गरी दोषि करार गरेको भए पनि उनीहरुले विगत १७ वर्षदेखि प्रहरीबाट उम्किँदै आएका थिए । मकवानपुर प्रहरीप्रवक्ता लक्ष्मी भण्डारीका अनुसार आइतबार दुबै जनालाई घरबाटै पक्राउ गरेको हो ।

पक्राउ परेका स्याङ्तान र गोलेले २०६३ साल जेठ १९ गते थाहा-१२ स्थित गैरीगाउँका ७२ वर्षीय सानो लाहुरे तामाङलाई कुटपिट गरी हत्या गरेको ठहर जिल्ला अदालतले गरेको थियो । उनीहरुलाई कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत मकवानपुरले २०६७ साल असोज ८ गते २० वर्षको कैद सजाय तोकेको थियो ।

जिल्ला अदालतबाट कैद तथा जरिवाना ठहर भएर फरार रहेका उनीहरुलाई इलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरी टोलीले आइतबार घरबाटै पक्राउ गरेको भण्डारीले जानकारी दिए । पक्राउ परेको दुबैजनालाई जिल्ला अदालत मकवानपुरमा आइतबार नै उपस्थित गराएको प्रहरीले जनाएको छ ।

## हेटौंडामा आज छैठौं माघी महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ हेटौंडामा आज सोमबार १ माघमा छैठौं माघी महोत्सव हुँदैछ । थारु जातिको साँस्कृतिक, लोककला, भाषा, दर्शन, साहित्य, रीतिरिवाज, र थारु परिकारको व्यावसायिकरणका लागि महोत्सव गर्न लागेको हो ।

हेटौंडामा विगतका वर्षदेखि थारु समुदायले भव्यरुपमा माघी महोत्सव मनाउँदै आएका छन् । माघी महोत्सव मूल आयोजक समिति मकवानपुर सचिव चन्द्रकान्त चौधरीले महोत्सवजको तयारी सकिएको जानकारी दिए । महोत्सव सोमबार बिहानवाट हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको खुलामैदानमा हुनेछ ।

उद्घाटन अघि थारु जातिको पहिचान झल्किने भेषभुषा र साँस्कृतिक झाँकीसहितको ऱ्याली सीमाचोक, बुद्धचोक, कान्तिलोकपथ हुँदै पुनः भुटनदेवी माविको चौरमा पुगी सभामा परिणत हुने कार्यक्रम रहेको सचिव चौधरीले बताए ।

महोत्सवमा थारु जातिको विशेष परिकारहरु घुङी, तिलको लड्डु, बरी, अदौरी, गँगटो, अमादीके चटनी, आदिको सःशुल्क स्टल रहने छ । थारु जातिको साँस्कृतिक नाचगान, आन्तरिक तथा बाह्य कलाकारको गीत र नृत्यबाट दर्शकलाई मनोरञ्जन दिने थारु कल्याणकारीसभाका अध्यक्ष सचिदानन्द चौधरीले बताएका छन् । महोत्सवमा करिब ७ लाख ५० हजार खर्च हुने अनुमान आयोजकको छ ।

महोत्सवलाई करिब ५ हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको सहसचिव रामानन्द चौधरीले बताए । सरकारले हरेक वर्ष माघी पर्व माघ १ गतेका दिनमा सार्वजनिक विदा दिने गरेको छ ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरूः**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्धारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सकसमा मयुरधाप औद्योगिक क्षेत्र

उद्योग मन्त्री रमेश रिजालले मयुरधाप औद्योगिक क्षेत्र सार्वजनिक निजी साझेदारी मोडेलमा निर्माण गर्ने तयारी भइरहेको बताएका छन् । निर्माणका क्रममा आइपरेको बाधा अड्चनलाई समाधान गर्नको लागि सरोकारवाला निकायसँग निरन्तर समन्वय भइरहेको मन्त्री रिजालले बताएका छन् । उद्योग संघ मकवानपुरको २२ औं वार्षिक साधारसभालाई शनिबार हेटौंडामा सम्बोधन गर्दै मन्त्री रिजालले प्रस्ताबित मयुरधाप औद्योगिक क्षेत्र पीपीए मोडलमा निर्माण गर्ने गरी काम अगाडि बढाइएको जानकारी दिए । सरकारको एक्लो प्रयासबाट मात्रै मुलुकमा आर्थिक समृद्धि संभव नभएको र यसका लागि सार्वजनिक निजी साझेदारी पीपीए मोडलमा काम गर्नुपर्ने मानसिकतामा सरकार पुगेको देखिन्छ । निजीक्षेत्रसँगको समन्वय र सहकार्यमा सरकारले काम गर्नुपर्ने आवश्यक रहेको धारणा विकास भएको देखिन्छ ।

८ वर्ष अघि घोषणा भएर तीनपटक शिलान्यास भइसकेको हेटौंडाको मयुरधाप औद्योगिक क्षेत्र अझैसम्म संचालनमा आउन नसक्नु बिडम्बना हो । औद्योगिक क्षेत्रको विकास गर्ने र उद्योग स्थापना गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने हो भने नेपालले आकासिएको आयात दर घटाउन पनि सक्छ । तर, यहाँ त सरकारले औद्योगिक क्षेत्रको भाडा उठाएर कानमा तेल हालेर बस्ने बाहेक कुनै काम गर्न सकेको छैन । २०१९ मा घोषणा भएको नेपालका ८ वटा औद्योगिक क्षेत्रको विकास र बिस्तार गर्न २५ वर्ष लाग्यो । २०४५ पछि सरकारले औद्योगिक क्षेत्रको बिस्तार गर्न सकेको छैन । भएका औद्योगिक क्षेत्रको सुधार गर्न पनि नसक्ने र थप औद्योगिक क्षेत्रको विकास गर्न पनि नसक्ने सरकारले लगानीमैत्री वातावरण निर्माण गर्नेछ भन्ने आशा गर्न मुस्किल छ । मयुरधापको औद्योगिक क्षेत्र सञ्चालनमा आएको खण्डमा ६२ वटा उद्योग स्थापना हुने र कम्तिमा २१.३ करोड प्रवेश शुल्कबापत सुरुमै आम्दानी हुने थियो । मयुरधाप औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगले चार हजार भन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिने र १० प्रतिशत राजश्वमा योगदान हुने थियो । मयुरधाप औद्योगिक क्षेत्रमा १६६.०८ जग्गा सम्झौता भइसकेको र सम्झौता भएको ७/८ वर्ष बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन । सरकारको नीतिगत निर्णयले गर्दा सञ्चालन आउन नसकेको हो ।

हेटौंडा कपडा उद्योग यही अवस्थामा संचालनमा आउन नसक्ने कुरा बर्षौंदेखि सुनिरहेको भएपनि सरकारले हरेक वर्षको बजेटमा हेटौंडा कपडा उद्योग चलाउने भन्दै बजेट बिनियोजन गर्ने गरेको छ । यो चुटकीला पुरानो भइसकेको छ । बिद्यमान अवस्थामा मर्मत गरेर मात्र सञ्चालन गर्न नसक्ने अवस्थाको हेटौंडा कपडा उद्योगलाई सरकारले निर्णय गरेर अन्य उद्योगलाई जग्गा उपभोग गर्न दिनुपर्ने सुझाव उद्यमीले दिएका छन् । औद्योगिक क्षेत्रको विद्युत क्षमता बिस्तार गर्ने, लामो समयदेखि बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योगको पूर्वाधारलाई प्रयोगमा ल्याउने कुरामा सरकारले निर्णय गर्न नसकेकै हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ २ गते मंगलबार १६ जनवरी २०२४ । पञ्चमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२९ । राष्ट्रिय भूकम्प सुरक्षा दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ नतिजा आउनेछ | **तुला** | : घरेलु समस्याले सताउनेछ |
| **वृष** | : दिन रमाइलो हुनेछ | **वृश्चिक** | : आफन्तले धोका दिन सक्नेछन् |
| **मिथुन** | : मन खिन्न हुनेछ | **धनु** | : मनमा उमङ्ग बढ्नेछ |
| **कर्कट** | : शरीरमा स्फुर्ती बढ्नेछ | **मकर** | : रमाइलो छोटो यात्रा हुनेछ |
| **सिंह** | : घरायसी मेलमिलाप हुनेछ | **कुम्भ** | : काम गर्ने आत्मबल बढ्नेछ |
| **कन्या** | : पढाइलेखाइमा सफलता मिल्नेछ | **मीन** | : अरुको विश्वास जित्न सकिनेछ |

# पीडितलाई थप पीडा नदेऊ



✍ अमृता लम्साल

कुरा सन् २००३ को हो । हलिउडको सुविख्यात पुरस्कार 'अस्कर' वितरण हुने दिन थियो । त्यसै क्रममा, त्यस वर्षको एकेडेमी अवार्ड उर्फ 'अस्कर' पुरस्कार पाउनेमध्येमा, बेस्ट डाइरेक्टरको पुरस्कार त्यसताका निकै चर्चित मूभी 'द पियानिस्ट'ले पाएको थियो ।

अस्कर पुरस्कार दिन थालिएको ७५औं वर्षमा 'द पियानिस्ट' ७ वटा क्याटागोरीमा चयन भएको थियो । जसमध्ये, बेस्ट डाइरेक्टर, बेस्ट एक्टर र बेस्ट एडप्टेड स्क्रिन प्लेमा सोही चलचित्रले पुरस्कार हात पारेको थियो ।

हलिउडको सबैभन्दा महत्वपूर्ण पुरस्कार प्राप्त गर्ने दिन पियानिस्टका डाइरेक्टर रोमन पोलनस्की भने कार्यक्रममा उपस्थित थिएनन् । उपस्थित नहुनुको कारण अरू केही नभएर उनी अमेरिका बस्दा सन् १९७७ मार्च १० मा एउटी १३ वर्षकी बच्चीलाई बलात्कार गरेकोले, अमेरिकाले उनलाई बलात्कारको मुद्दा लगाएको थियो ।

पोलनस्कीलाई त्यतिबेला बलात्कार बाहेक, ती केटीलाई गरेको दुर्व्यवहार, ड्रग दिएको इत्यादि समेत ६ वटा मुद्दा लगाइएको रहेछ । त्यो केसमा उनलाई ४८ दिन थुनामा राख्न 'प्लि बार्गेनिङ' गरेर जेल पठाइएछ । लसएन्जेल्सको 'चिनो स्टेट प्रिजन'मा पनि राखिएको रहेछ ।

तर पोलनस्की ४२ दिनमै जेलबाट निस्किएछन् । त्यसपछि, अर्का जज लरेन्स लिट्टेनब्यान्डले उनलाई त्यति सजायले नपुग्ने, त्यसको सट्टा ५० वर्ष जेलमा राख्नुपर्ने बताएछन् ।

सायद, त्यही हुन्छ भन्ने डरले, अन्तिम फैसला नहुँदै, पोलनस्की अमेरिकाबाट भागेछन् । पोल्यान्डमा जन्मिएका पोलनस्कीले फ्रान्सको पनि नागरिकता लिएका रहेछन् र, उनी फ्रान्समा बसिरहेछन् । सन् १९७८ मा अमेरिका छाडेर हिंडेका पोलनस्की अहिलेसम्म अमेरिका पस्न पाएका छैनन्ह कारण, त्यही बलात्कारको केस थियो ।

उनले बलात्कार गरेकी केटी वयस्क भइसकेपछि, आफूमाथि भएको त्यो जघन्य अपराधमा 'मैले पोलनस्कीलाई माफ गरिदिइसकें, उनले पनि मसँग माफी मागिसके' भनेर सार्वजनिक रूपमै भनिसकिन् ।

उनले आफ्नो बारेमा मेम्वायर पनि लेखेकी छन् तर, अमेरिकी सरकारले पोलनस्कीलाई चार दशक भन्दा अगाडि गरेको अपराधमा माफ गरेको छैन । त्यसै भएर उनी अमेरिकासँग अपराधीहरूलाई सुपुर्दगी गर्न नपर्ने देशहरूमा मात्रै जाने र बसोबास गर्ने गर्दछन् । उनी अहिले फ्रान्समा आफ्नो जीवन बिताइरहेका छन् ।

सन् २००३ मा उनले पाएको अस्कर अवार्ड पनि सन् २०१८ मा फिर्ता लिइयो । उनले लसएन्जेल्स गएर केस टुङ्ग्याउन गरेको कोसिस पनि सफल भएन । पोलनस्की पनि एकखाले सेलिब्रेटी नै हुन् । हलिउडमा द पियानिस्ट, टेस्, रोजमेरिज बेबी जस्ता थुप्रै सिनेमा बनाएको उनलाई सेलिब्रेटी नै भए पनि अमेरिकाले अहिलेसम्म अपराधी नै ठानेको छ ।

माथि उल्लेखित घटना एउटा उदाहरण मात्रै हो । खोज्दै जाँदा धेरै उदाहरण भेटिन्छन् । हामीभन्दा अघिल्लो पुस्ताहरूमा वा हाम्रै पुस्तामा पनि महिला वा किशोरी भनेका केवल 'सेक्स अब्जेक्ट' या घरमा काम गर्ने व्यक्ति मात्रै हुन् भन्ने बुझाइ थियो । हामीभन्दा पछिका पुस्ताहरूले त बुझे होलान् भन्ठानेको, अपवादलाई छाडेर, उनीहरू त महिला र किशोरीको बारेमा भानुभक्तको 'बधू शिक्षा' पढेका पुस्ता जस्ता भएछन् !

अहिलेका पुस्ताको सोच पढ्दा, देख्दा आश्चर्यमा पारेको छ । त्यो आश्चर्य हो, एनजीओ तथा आइएनजीओले लैंगिक हिंसा/बलात्कार विरुद्ध वकालत गर्न खनाएको पैसो कहाँ जान्छ ?

यदि त्यो ठिक ठाउँमा पुगेको भए त पीडितमैत्री समाज हुन्थ्यो होलाह न कि, पीडकमैत्री देखिन्थ्यो । वर्षौं वर्षदेखि बालुवामा पानी खन्याए जसरी महिला हकअधिकारको संरक्षण गर्न खर्च गरेको गरेकै देखिन्छ । तर, जब महिलाहरू पीडित हुन्छन् उनीहरूलाई मद्दत गर्ने व्यक्ति र संस्था कम पर्छन् । उनीहरूलाई जिउँदो हुन त दिइएको छ तर मानसिक तनाव यति धेरै दिइन्छ कि, परिस्थितिसँग जुद्धा जुद्धा अधमरो बनिसक्छन् । यसको लागि शिक्षितलाई सम्झाउने कि, साक्षर पनि नभएकालाई सम्झाउने ?

देशको कानुन बनाउने ठाउँमा पुगेको मान्छे समेत बलात्कार र प्रेमबीचको फरक छुट्याउन सक्तैनन् ! उदाहरणको लागि नेपाली कांग्रेसका नेता तथा सांसद चन्द्र भण्डारीले यही पुस २६ गते फेसबुकको भित्तोमा लेखेका छन्, 'बलात्कार कुन अवस्थालाई मान्ने सम्बन्धमा कानुनी व्याख्याको आवश्यकता छ । कस्तो अवस्थालाई प्रेम ? र कस्तो अवस्थालाई बलात्कार? बलात्कार भनेको के हो ? अनि प्रेम के हो ? प्रेम बलात्कारमा परिणत हुन्छ हुँदैन ? परिभाषाको आवश्यकता !'

बलात्कार गर्ने व्यक्ति कुनै क्षेत्रको नाम चलेको व्यक्ति हो भने त हुल उसैको पक्ष लिएर समर्थन गर्छह पीडितको जिन्दगी तहसनहस बनाइदिन्छ । त्यति ठूलो जघन्य अपराध गर्नेलाई हदैसम्मको दण्ड-सजाय दिनु र दिलाउनुपर्नेमा अपराधीको बारेमा उजुरी नै लिन नमान्ने कार्य गरिन्छ । अझै तल गिरेर सो अपराध लुकाउन सहयोग गर्न सम्पूर्ण पक्ष समेत लागिपर्छ ।

बलात्कार गर्ने भनेको केवल यौनजन्य हिंसा मात्र होइन, यो त शारीरिक रूपमा बलियोले निर्धोमाथि गरेको सबैभन्दा तल्लोस्तरको अपराध हो । यो भनेको एक मानवले अर्को मानवको अस्तित्व नै मेटाउन गरेको घृणित व्यवहार हो ।

अझै भन्नुपर्दा बलात्कार गरिएको व्यक्ति या समूहमाथि आफ्नो समूह या व्यक्तिले कहिल्यै माथि नउठोस् भन्ने चाहेर उनीहरूको मनस्थिति गिराउन गरेको आदिमकालीन जंगली र क्रूर व्यवहार हो । बलात्कारीले निरीह बनेकी ती महिलाको शारीरिक अस्मिता मात्र लुट्ने होइनन् पीडितको मानसिक अवस्था समेतलाई परोक्ष रूपमा उठ्नै नसक्ने गरी ट्रमामा पुर्‍याइदिन्छन् ।

यो समाजले कहिलेसम्म यौनजन्य हिंसालाई पक्षपोषण गर्दै जाने हो ? कहिलेसम्म लोग्नेमानिसको सर्वोच्चतालाई एकदमै धार्मिक देवता माने जस्तो मान्दै जाने हो ? अनि कहिलेसम्म लोग्नेमानिसले जति अन्याय र अत्याचार गरे पनि स्वास्नीमानिसले आफ्नो इज्जत जाने डरले लुकाएर बस्नुपर्ने हो ? अनि कहिलेसम्म कमजोर न्यायप्रणाली र कानुनका नीति-निर्माताहरूको हेल्चेक्र्याइँको शिकार महिलाले नै बन्नुपर्ने हो ?

यस्ता मुद्दाहरूको सन्दर्भमा भन्नुपर्दा, पहिले त पीडितलाई आफूमाथि भएको अत्याचारको बारेमा मुद्दा दर्ता गराउनै गाह्रो बनाइदिएको हुन्छ । मुद्दा अगाडि बढिसकेपछि पनि बलात्कारका पक्षपोषकहरूले पीडितलाई गिद्धले सिनो लुछे झैं लुछ्छन् । अनि कसको हिम्मत हुन्छ पल पल लड्ने भिड्ने गरिरहन ?

नेपालको जस्तो समाज, जहाँ महिलाको इज्जत र अस्मिता भनेकै केवल उसको यौनसँग जोडिएको छ । त्यस्तो समाजमा एकाध अपवाद छाडेर कुनै पनि महिलाले 'म बलात्कृत भएँ' भनेर हतपती अगाडि आएर भन्दैनन् । जो हिम्मत गरेर बोल्छन्, उनीहरूलाई समाजका अघोषित न्यायाधीशहरूले मानसिक प्रताडना दिएर तील तील गरेर जलाउँछन् ।

यो युगमा पनि पीडित बालिका तथा महिलाहरूले अझै कति पीडा भोग्दै जानुपर्ने हो ? जुन देशमा 'वैवाहिक बलात्कार' समेतको कानुन छ, त्यही देशमा पीडितले 'म यौन दुर्व्यवहारमा परें वा बलात्कृत भएँ' भन्न खोज्दा, मानसिक तनाव दिएर आत्महत्या गर्ने स्थितिमा पुर्‍याइदिने ?

पंक्तिकारको यो भनाइ पटक्कै होइन कि, समाजमा अपराध हुँदैन या अपराधी हुँदैनन् । यतिमात्र भन्न खोजिएको हो कि, अझै पनि केवल महिलालाई नै ज्यादाभन्दा ज्यादा पीडित बनाउँदै लैजाने परम्पराको अन्त्य हुनुपर्दैन ?

अनि, त्यस्तो अपराध गर्ने अपराधीहरूलाई कारबाही गर्ने र सजाय दिने निकायमा बस्नेहरूले आफ्नो जिम्मेवारी मन, वचन र कर्मले निभाउन पछाडि सर्ने ? यस्तो घृणित र आदिमकालीन जंगली अपराध गर्नेहरूलाई त कानुन संशोधन गरेरै भए पनि थोरै कारावासको सजाय होइन कि, कम्तीमा ५० वर्ष कारावासमा जाक्नुपर्छ ।

यसै सन्दर्भमा प्रासंगिक हुनसक्ने एक उदाहरण यहाँ पेश गर्न चाहन्छु । करिब १३ वर्ष अगाडिको कुरा हो, अमेरिकाको क्यालिफोर्निया राज्यस्थित रिच्मन्ड शहरमा एकजना १५ वर्षे स्कुले केटीलाई २० जना केटाहरूले सामूहिक बलात्कार गरे । त्यो समूहमा सबैभन्दा ठूलो उमेरको केटाचाहिं २१ वर्षको रहेछ ।

त्यतिबेला, प्रहरीले उसलाई पक्रेर एक दशमलव २५ मिलियनको जमानीमा मात्र छुट्ने गरेर थुनेको थियो र अन्य संलग्न व्यक्तिहरूको हकमा सुराकी दिने व्यक्तिलाई बीस हजार डलरको पुरस्कार दिने सूचना प्रकाशित गरेको थियो । यो घटना यहाँ उल्लेख गर्नुको कारण न्याय र सुरक्षा दिने निकायले मुद्दाको संवेदनशीलता हेरेर सजाय पनि त्यसैगरी दिनसक्ने कानुन बनाउनुपर्छ । अपराध जुनसुकै समाजमा पनि हुन्छ, फरक यत्ति हो, त्यस्ता अपराध नियन्त्रण गर्ने र न्याय दिलाउन सम्बन्धित पक्ष कति तत्पर तासँग लागिपर्छ ?

माथिकै घटनालाई तुलना गर्ने हो भने प्रहरीको तदारुकताले अपराधी पक्रिनमा मात्रै होइन, समाजमा सुरक्षा कायम गर्नमा पनि ठूलो भूमिका खेलेको देखिन्छ ।

अन्त्यमा यति मात्र भन्नु छ, पीडितलाई अझै पीडा थपेर उनको जीवनलाई अझै कष्टप्रद बनाइदिनुको साटो उनलाई सक्दो सहयोग गर्नु अहिलेको महत्वपूर्ण कुरा हो । पीडितलाई भौतिक तथा भावनात्मक सहयोग दिएर समाजमा स-सम्मान बाँच्न पाउने अधिकारको व्यवस्था गरियोस् ।

साथै, भोलिका दिनमा अरू कुनै महिलाले यस्तो दिन भोग्न नपर्ने अवस्थाको सिर्जना गर्न सम्बन्धित निकायले ध्यान देओस् ।

*(साभार: अनलाइनखबर)*

# अर्थराजनीतिमा क्वान्टम सिद्धान्तको प्रयोग

✍ केशव खतिवडा

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । वैश्विक समाज विज्ञान र प्रविधिबाट सञ्चालित छ । त्यस कारण समाजको अध्ययन, मूल्याङ्कन, विश्लेषण र व्याख्या वैज्ञानिक दृष्टिकोणबाट गर्नु पर्छ । यसरी विज्ञानको आँखाबाट समाजलाई हेर्ने, बुझ्ने, परिवर्तन गर्ने र उन्नत गन्तव्यतर्फ डोऱ्याउनका लागि अर्थराजनीतिलाई विज्ञानसम्मत बनाउनुपर्छ ।

विज्ञानका दार्शनिक कार्ल पोपरका अनुसार यदि विज्ञान गलत साबित हुन तयार हुँदैन भने त्यो विज्ञान हैन, धर्मशास्त्र हो । त्यो अधिभूतवादी दर्शन हो । विज्ञान हुनका लागि गलत साबित हुने सामर्थ राख्नुपर्छ । तर धर्मशास्त्र र अधिभूतवादी दर्शनले गलत साबित हुने सामर्थ राख्दैनन् । त्यस कारण विज्ञानले अन्तरिक्ष र प्रकृतिमाथि क्रमश: विजय हासिल गर्दै प्रकृति, मानव समाज र चिन्तनका क्षेत्रका नयाँ नयाँ र हस्य उदघाटन गर्दै तीव्र विकास गर्दै गएको छ भने धर्म र अधिभूतवादी दर्शन अस्तित्व बचाउको अवस्थामा पुगेका छन् ।

दर्शनको तुलनामा विज्ञान सत्य हुन्छ । मानिसका चर्म चक्षुले विशाल ब्रह्माण्डलाई देख्न सक्दैन । सूक्ष्म अणु र परमाणुलाई पनि देख्न सक्दैन । केवल मध्यमस्तरका वस्तुलाई मात्र देख्न सक्छ । त्यस कारण विज्ञानको ज्ञान नभएका मानिसहरूको ज्ञान मध्यमस्तरको मात्र हुन्छ ।

क्वान्टम सिद्धान्तको खोज सन् १९०० मा जर्मन वैज्ञानिक म्याक्स प्लाङ्कले गरेका थिए । जसले सूक्ष्म घटनाको व्याख्या र विश्लेषण गर्छ अर्थात् सूक्ष्म जगतमा घट्ने घटनाहरूको अध्ययन गर्ने वैज्ञानिक सिद्धान्त क्वान्टम सिद्धान्त हो । बृहत् स्तरको घटनाको अध्ययन सापेक्षताको सिद्धान्तले गर्दछ भने मध्यम स्तरको घटनाको अध्ययन यान्त्रिक सिद्धान्तले गर्दछ । त्यस कारण क्वान्टम सिद्धान्त बृहत् विज्ञानको एउटा सानो अंश मात्र हो ।

क्वान्टम सिद्धान्तको अध्ययनले मात्र बृहत् वा समग्र विज्ञानको ज्ञान हासिल गर्न सकिँदैन । क्वान्टम पदार्थ, ऊर्जा वा हरेक परि घटनाको सबभन्दा सानो एकाइ हो । जस्तै प्रकाशको सबभन्दा सानो एकाइ फोटोन । पदार्थको सबभन्दा सानो एकाइ क्वार्क वा क्वान्टा । समयको सबभन्दा एकाइ सेकेन्ड इत्यादि । यही अति सानो कण वा एकाइको गतिबाट नै क्वान्टम मेकानिक्सको अवधारणको सूत्रपात भएको हो । क्वान्टम मेकानिक्स आधुनिक भौतिकशास्त्रको आधारभूत अङ्ग हो । जुन अति साना कणसँग सम्बन्धित छ र अनिश्चितता र सम्भावनालाई स्वीकार गर्दछ । क्वान्टम मेकानिक्स सबभन्दा आधारभूत तहमा कणको गतिशीलताको अध्ययन हो । जसले आणविक र परमाणिक स्तरमा पदार्थ र ऊर्जाको यथार्थ वर्णन गर्दछ ।

सारमा पारमाणिक वा सोभन्दा सानो स्तरमा पदार्थ र ऊर्जाको प्रकृति र व्यवहार नै क्वान्टम मेकानिक्स वा क्वान्टम फिजिक्स हो । सुरुमा यो सिद्धान्तप्रति असहमति जनाउँदै आइन्स्टाइनले भनेका थिए- भगवानले पासा खेल्नु हुन्न ।

**क्वान्टम सिद्धान्तका नियम:**

विछिन्नताको नियम: शक्ति वा वस्तु अविछिन्नताका रूपमा हैन विछिन्नताका रूपमा रहेको हुन्छ भन्ने रहस्यको उद्घाटन क्वान्टमको यो नियमले गरेको हो अर्थात् असंख्य सूक्ष्म कणहरूको संयोजनले एउटा पदार्थको निर्माण भएको हुन्छ । यो नियम वैज्ञानिक म्याक्स प्लाङले प्रतिपादन गरेका थिए । यसका लागि उनलाई सन् १९१८ मा नोबेल पुस्कार दिएको थियो ।

कण तरङ्ग द्वैतताको नियम: शास्त्रीय विज्ञानले कण र तरङ्गलाई अद्वैत रूपमा हेर्दथ्यो । क्वान्टम सिद्धान्तले मात्र कण र तरङ्ग जस्ता सूक्ष्म वस्तुलाई हेर्ने, बुझ्ने र विश्लेषण गर्ने सामर्थ राख्यो । तरङ्ग शक्तिको रूप हो भने कण पदार्थको रूप हो अर्थात् कण र तरङ्गमा भेद हुन्छ । त्यसैले यो नियमलाई कण तरङ्ग द्वैतताको नियम भनियो । यो नियम फ्रान्सेली वैज्ञानिक लुई डी ब्रोग्लीले पतालगाएका थिए । यसका लागि उनलाई सन् १९२९ मा नोबेल पुरस्कार प्रदान गरिएको थियो ।

अनिश्चितताको नियम: शास्त्रीय विज्ञानले प्रकृतिका घटना र विज्ञानका नियमहरू निरपेक्ष र सुनिश्चित हुन्छन् भन्ने मान्यता राख्दथ्यो । तर क्वान्टम सिद्धान्तले सूक्ष्म जगतमा सुनिश्चितताको नियम लागु हुँदैन भन्ने प्रमाणित गऱ्यो अर्थात् सुनिश्चितताको सट्टा अनिश्चितता वा सम्भाव्यताको नियम स्थापित गऱ्यो ।

यो नियम जर्मन वैज्ञानिक वेर्नर हाइजनवर्ग सन् १९२७ मा प्रतिपादन गरेका थिए । जसका लागि उनलाई सन् १९३२ मा नोबेल पुरस्कार प्रदान गरियो । यी तीनवटा नियमको योग नै क्वान्टम सिद्धान्त हो ।

**क्वान्टम सिद्धान्तको परिणाम:**

खास गरी सन् १९९० को दशकदेखि विश्वमा प्राविधिक क्रान्तिको दशक सुरु भयो । जसमध्ये तीनवटा क्रान्तिलाई प्रमुख मान्न सकिन्छ । जुन क्रान्तिले विश्वलाई एक प्रकारले प्रकाश सापेक्ष गतिले रूपान्तरण गऱ्यो भन्दा सायद अत्युक्ति नहोला ।

नानो टेक्नोलोजी: जसले नयाँ उन्नत र शक्तिशाली औद्योगिक सामग्रीको आविष्कारमा क्रान्ति ल्यायो । जस्तै स्मार्ट फोन, ल्याक्टप, मेडिसिन, ऊर्जा इत्यादि ।

डीएनए अणुमा आधारित: जसले जैविक टेक्नोलोजीमा अद्भुत क्रान्ति ल्यायो । यसले जैविक जानकारीको भण्डारण गर्छ । यो प्राणीमा भएको आनुवंशिक अणु हो । जसले जीवलाई बढ्न, विकास गर्न र पुन उत्पादन गर्न आवश्यक निर्देशन गर्छ ।

सिलिकन चिप्सको टेक्नोलोजीमा आधारित: यसले सूचना र प्रविधिमा नवीन क्रान्ति ल्यायो । जसका कारणले एआईसम्मको विकास सम्भव भयो । यसरी विज्ञान र प्रविधिको क्षेत्रमा क्वान्टम सिद्धान्तले नयाँ क्रान्तिको सूत्रपात गऱ्यो । हरेक क्रान्ति मुलुक विशेष हुँदै वैश्विकस्तरमा फैलिने हुँदा र क्रान्तिको सिङ्गो व्यवस्थापन हरेक देशको सरकारले गर्ने भएको हुँदा क्रान्तिले अर्थराजनीतिलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

यो दृष्टिकोणबाट हेर्दा क्वान्टम सिद्धान्तले अर्थराजनीतिलाई पनि प्रत्यक्ष प्रभाव पारेको छ । क्वान्टम सिद्धान्त यसका नियम र यसले ल्याएका परिणामको माध्यमबाट विश्व राजनीतिमा जस्तो प्रभाव पऱ्यो त्यसको वाछिट्टा नेपाली राजनीतिमा पर्नु स्वाभाविक हो । विज्ञानको ज्ञानले वैज्ञानिक दृष्टिकोण बन्दछ र वैज्ञानिक दृष्टिकोणले लेस भएको नेतृत्वले मात्र मुलुकको अर्थराजनीतिलाई विज्ञान सम्मत ढङ्गले नेतृत्व प्रदान गर्न सक्छ । उदाहरणका लागि विश्व पुँजीवादले पटक पटक सङ्कट बेहोरेको छ । तर हरेक सङ्कटपछि झनै परिष्कृत भएर आफूलाई विकास गर्दै लगेको छ । जसको लुकेको रहस्य भनेको विज्ञानसम्मत आफ्नु अर्थराजनीतिलाई ढाल्दै लैजानु हो । जस्तै ई गभर्नेन्स, डिजिटल इकोनोमी, रोबर्टिक्स । सरकारको प्रमुख कार्य अर्थ राजनीतिको प्रगतिशील व्यवस्थापन गर्नु हो ।

अर्थशास्त्र र राजनीतिको अन्तरसम्बन्ध नै अर्थ राजनीति हो । बृहत् अर्थमा राज्य, समाज, व्यक्ति र बजार व्यवस्थाबिचको अन्तर्क्रियात्मक सम्बन्धलाई अर्थराजनीति भनिन्छ । राज्य र बजारबिचको अन्तर्विरोधलाई अर्थराजनीतिको माध्यमबाट समाधान गर्नु पर्छ । प्रशासन, राजनीति र आर्थिक उन्नतिलाई जनताको भलाइसँग जोडनुपर्छ । देश विकासका लागि राजनीति, अर्थतन्त्र र प्रशासन उन्नत र परराष्ट्रनीति सन्तुलित हुनुपर्छ । तर नेपाली अर्थराजनीतिलाई किन आजको विज्ञान र प्रविधिको युगमा पनि विज्ञानसम्मत बनाउन सकिएन । यसका कारणको पहिचान गरी निराकरणका उपाय खोज्न आवश्यक छ । यसका कारण र निराकरणका उपायहरू देहाय बमोजिम देखिन्छन् । पुराना धारणा परित्याग गर्न नसक्नु: राज्य सञ्चालनको मुख्य तत्वहरूमा अर्थराजनीति, प्रशासन र परराष्ट्र नीति पर्दछन् । विश्वव्यापी रूपमा विज्ञान र प्रविधिमा जसरी परिवर्तन आयो, विश्व अर्थतन्त्र, शासन प्रणाली, शासकीय स्वरूप, मार्केट प्रोफाइलिङ, वैश्विक व्यवस्था प्रणाली, सानो सरकार र चुस्त प्रशासनको साथै सन्तुलित र सम्बद्धतासहितको परराष्ट्र नीति तथा चार्म अफेन्सिबसहितको कूटनीतिमा व्यापक रूपमा विज्ञानसम्मत परिवर्तन आएको छ । तर हाम्रो राजनीतिक नेतृत्व वृद्धतन्त्र उन्मुख, परम्परागत सोच तथा दृष्टिकोणबाट ग्रसित, शास्त्रीय राजनीतिक चिन्तन, मार्क्सवाद, समाजवाद, समाजवादउन्मुख, राजतन्त्रसहितको लोकतन्त्र, सार्क, असंलग्न आन्दोलन, अमुक सिद्धान्त जस्ता अधिभूतवादी चिन्तनले ग्रस्त छ । मुलुकलाई अग्रगमनतर्फ लैजानका लागि सर्वप्रथम यी पश्चगामी चिन्तनबाट मुक्त हुनुपर्छ । वैश्विक सापेक्षतामा आधारित एजेन्डा ले निर्दिष्ट गरेको सन्तुलित विकासको नयाँ मोडल अपनाउनुपर्छ ।

द्वैततालाई स्वीकार गर्ने: द्वैततको अर्थ बहुलता, विविधता वा भेद हो । यो क्वान्टम सिद्धान्तको महत्वपूर्ण नियम हो । समाजमा रहेको बहुविविधता, राजनीतिक प्रणालीमा रहेको बहुविचार, विश्व अर्थतन्त्रमा रहेको बहुढाँचा, बहुवीय विश्वराजनीति र परराष्ट्र नीतिलाई स्वीकार गर्नुपर्छ । जसरी पदार्थ र चेतनाको बिचमा, व्यक्ति र समाजका बिचमा, नेतृत्व र प्रणालीको बिचमा भेद छ । तर सँगै रहन्छन । एक्लाएक्लै भएमा दुवैको अस्तित्व रहँदैन । साथै हरेक घटनालाई एक रेखीय दृष्टिकोणबाट हैन बहुरेखीय दृष्टिकोणबाट हेर्ने धारणा बनाउनुपर्छ । वर्तमान समस्याको समाधान पुराना नेताको पुराना किताबमा खोज्ने हैन, आधुनिक विज्ञानमा खोज्नुपर्छ ।

अवास्तविकता वा सम्भाव्यतालाई स्वीकार गर्नु: क्वान्टम सिद्धान्त अनुसार हरेक सत्यहरू निरपेक्ष सत्य हैन । सापेक्ष सत्य मात्र हो । वास्तविकता हैन लगभग मात्र हो । समाज विकास क्रममा पुँजीवादबाट समाजवाद आउँछ भन्नु एउटा सम्भावना मात्र हो । सुनिश्चित वा ग्यारेन्टी हैन । गुरुत्वाकर्षणको सिद्धान्त पृथ्वीमा मात्र लागु हुन्छ । अन्तरिक्षमा लागु हुँदैन ।

समाजवाद वा कुनै वादबिना पनि मानव समाज उन्नतिको शिखरमा पुग्न सक्छ । कुनै वाद वा सिद्धान्त अन्तिम होइन । तर सुस्पष्ट र विज्ञानसम्मत दृष्टिकोण र खाका भने हुनुपर्छ । त्यस कारण राजनीतिक दलहरू अमुक वाद र सिद्धान्तको जडताबाट मुक्त हुनुपर्छ ।

*(साभार: रातोपाटी)*

# बदलिएन प्रधानमन्त्रीको कार्यशैली, भाषण र भागबन्डामै व्यस्त

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमबार काठमाडौंमा मेलम्चीको पानी वितरणको चौथो पटक शुभारम्भ गर्दैछन् । त्यसपछि टुँडिखेलमा थारु र मगर समुदायले आयोजना गरेको छुट्टाछुट्टै कार्यक्रममा सहभागी हुनेछन् ।

त्यसपछि उनी हेलिकप्टर बाट अर्घाखाँची जानेछन् । अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा पर्यटन प्रवर्धन कार्यक्रम उद्घाटन गर्दै प्रधानमन्त्रीले नेपाल पत्रकार महासंघको जिल्ला शाखाले तयार पारेको पर्यटकीय स्थलहरुको वृत्तचित्र सार्वजनिक गर्नेछन् ।

१० पुसमा आफ्नो एक वर्षको समीक्षा सुनाउँदै प्रचण्डले केही पूर्वनिर्धारित र अपरिहार्यबाहेक धेरै कार्यक्रममा नजाने घोषणा गरेका थिए । 'केही पूर्वनिर्धारित र अपरिहार्य बाहेक म बाहिरका कुनै पनि कार्यक्रममा नगई नयाँ नीति तथा कार्यक्रम र बजेटको तयारी एवं विकास र सुशासनमा रहेका समस्या समाधान गर्न लाग्ने निष्कर्षमा छु । सरकारको कार्यशैली बदल्न यो एउटा प्रस्थानविन्दु हुनेछ', उनले सम्बोधनमा भनेका थिए ।

तर, कार्यशैली बदल्ने आफ्नो घोषणा र प्रतिवद्धता मिच्न प्रधानमन्त्री पहिलो दिनदेखि नै अग्रसर देखिए । प्रधानमन्त्री ११ पुसमै उनी हेलिकप्टर चढेर गोरखाको बारपाक सुलिकोट गाउँपालिकामा जनतासँग प्रधानमन्त्री कार्यक्रममा पुगे । त्यसपछि हेलिकप्टरमै गण्डकी गाउँपालिकास्थित ज्यामिरघाटमा आफ्नी नवविवाहिता नातिनीको गाउँमा पुगे ।

सरकारी खर्चमा हेलिकप्टर लिएर पार्टीको कार्यक्रम र परिवारसँग भेटघाटमा हिँडेको भन्दै आलोचना भएपछि २ दिन प्रधानमन्त्री सार्वजनिक कार्यक्रममा देखिएनन् । त्यसपछि भने उनी पुरानै शैलीमा देखिए ।

१४ पुसमा प्रधानमन्त्री संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटीयूसीसी) को छैठौं राष्ट्रिय ट्रेड युनियन सम्मेलनलाई सम्बोधन गर्न पुगे । विभागीय श्रम, रोजगार तथा समाजिक सुरक्षामन्त्री जाँदा हुने कार्यक्रममा पनि प्रधानमन्त्री नै पुग्नुपर्ने थिएन ।

'मैले पुस १० गते जनताको नाममा सम्बोधन गर्दै आगामी वर्षका लागि केही नयाँ संकल्पहरू सार्वजनिक गरेको छु, ती संकल्पहरू दृढतापूर्वक कार्यान्वयन गर्दै देशमा आशाको रक्तसञ्चारसहित समृद्धिको आधार तयार पार्नु मेरो प्रमुख प्राथमिकता हुनेछ', उक्त कार्यक्रममा प्रचण्डले भने ।



प्रतिवद्धता दोहोर्‍याएको २४ घण्टा नबित्दै प्रधानमन्त्री प्रचण्ड १५ पुसमा टुँडिखेलमा आयोजित तमु ल्होसारको कार्यक्रममा पुगे ।

१६ पुसमा नेपाली काँग्रेसको केन्द्रीय कार्यालयले आयोजना गरेको बीपी जयन्ती तथा मेलमिलाप दिवसको कार्यक्रममा पनि प्रधानमन्त्रीले लामै समय बिताए । १७ पुसमा काठमाडौंमा भएको कान्तिपुर एजुकेसन समिटको उद्घाटन गर्न पनि प्रधानमन्त्री नै पुगे ।

१८ पुसमा प्रधामनन्त्रीले राष्ट्रिय इन्जिनियर सम्मेलन, दिगो विकासको वर्तमान अवस्था र भविष्य विषयक कार्यक्रम र ललितपुरमा भूकम्प प्रभावित क्षेत्रमा विपद व्यवस्थापन तथा पुनर्निर्माण सम्बन्धी अन्तक्रियामा सहभागी हुन पुगे ।

१९ पुसमा प्रधामनन्त्री प्रचण्ड रामेछापको सुनापाति गाउँपालिकामा पुगेर २ वटा कार्यक्रममा सहभागी भए । नेकपा माओवादी केन्द्रले आयोजना गरेको बेथान वीरता दिवसको कार्यक्रम र गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवन उद्घाटन समेत गरे ।

२४ पुसमा प्रधानमन्त्री माओवादी केन्द्रको बागमती प्रदेश, उपत्यका विशेष प्रदेश र सम्पर्क समन्वय प्रदेशले काठमाडौंमा गरेको कार्यक्रममा सहभागी भए । सो कार्यक्रमलाई 'जनतासँग माओवादी विशेष रूपान्तरण' अभियानको समीक्षा भनिएको थियो ।

२७ पुसमा भने प्रधानमन्त्री नेपाल वादोरियो कराते डो संघले गरेको चौँथो राष्ट्रिय वादोरियो खुला कराते प्रतियोगिता २०८०' को उद्घाटन गर्न पुगे । यसरी २० दिनभित्रै प्रधानमन्त्री १५ भन्दा बढी कार्यक्रममा सहभागी भए ।

प्रधानमन्त्री कार्यालयका एक अधिकारी भने २० पुसमा संवैधानिक परिषद् सम्बन्धी विधेयकबारेको छलफलमा भाग लिन संसदको राज्यव्यवस्था तथा सुशासन समितिमा र २५ पुसमा भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमणका क्रममा भएका सम्झौताबारे जानकारी दिन कानुन, न्याय तथा मानव अधिकार समितिमा जानुबाहेक अरु महत्वपूर्ण कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले समय नदिएको बताउँछन् ।

'प्रदेशका मुख्यमन्त्रीहरु र भारतीय विदेश मन्त्री जयशंकरसँगको भेटवार्ताबाहेक प्रधानमन्त्रीले यो बीचमा अरु अपरिहार्य भेटघाट पनि गर्नुभएको छैन', उनी भन्छन्, 'कार्यालयमा उपस्थित भएर मात्रै हुँदैन, नतिजा आउने गरी काम भएन भने १० बजे कार्यालय आएर पनि अर्थ छैन ।'

प्रधानमन्त्रीले अन्य प्रतिवद्धता पनि बिर्सिएका छन् । 'म अब दलहरू, नागरिक समाज र राज्यका सबै निकायलाई समेत क्रमभंगताको अपील गर्छु, अब शीर्ष बैठकहरू सत्ताको वितरण गर्न होइन,' प्रधानमन्त्रीले १० पुसको सम्बोधनमा भनेका थिए,' विश्व विद्यालयहरू सुधार्न, परराष्ट्र नीतिमा राष्ट्रको एउटै धारणा बनाउन, रोजगारी सिर्जना गर्न र लगानीका लागि राष्ट्रको छवि सुधार्न बस्नेछन् ।'

तर, पछिल्लो दुई सातामा प्रधानमन्त्रीले सबै दलीय बैठकहरु राजनीतिक भागवण्डा टुंग्याउनकै लागि बसाले । सत्तारुढ दलले गठन्बधन गरेर राष्ट्रिय सभा चुनाव लड्ने अवस्थामा प्रतिपक्षी दल नेकपा एमालेलाई समेत भागवण्डा दिने गरी छलफल चलाए । कुरा नमिलेपछि सत्तारुढ दलहरुसँगै छलफल गरेर राष्ट्रिय सभाका उम्मेदवार टुंगो लगाए ।

यो बीचमा जनताका मुद्दा, जनजीविका र विश्वविद्यालयको सुधार, परराष्ट्र नीति लगायतका विषयमा छलफल भएनन् । बरु प्रधानान्त्रीले डेडिकेटेड र ट्रंकलाइन महसुल विवादमा उद्योगहरुलाई सहजीकरण गर्न बैठकहरु बसाले र आयोग बनाएर समस्या समाधान गर्न उद्योगीसाग सहमति गरे । वैशाखमा लगानी सम्मेलन गर्ने तय गरिसकेका प्रधानमन्त्रीले विदेशी लगानी ल्याउन कानुनी सुधार गर्न समेत छलफल चलाएनन् ।

प्रधानमन्त्रीकै सचिवालयका सदस्यहरु पनि प्रधानमन्त्रीले यो बीचमा सरकारको भन्दा बढी पार्टी र गठबन्धनका बैठकमा सहभागी हुनु परेको स्वीकार्छन् । ११ माघमा हुने राष्ट्रियसभा निर्वाचनका लागि गठबन्धनमा सिट बाँडफाँट र उम्मेदवार तय गर्नेसम्मको काममा प्रधानमन्त्री व्यस्त भएको सचिवालयका सदस्यहरुको भनाइ छ ।

पूर्वमुख्य सचिव बिमला कोइराला प्रधानमन्त्रीले कार्यक्रमको प्राथमिकीकरण गर्न नसकेको बताउँछन् । 'अपरिहार्य के हो भन्नेमा प्रधामनन्त्रीको आफ्नै परिभाषा हेला', उनी भन्छन्,' प्रधानमन्त्रीले म गएका जति सबै कार्यक्रम अपरिहार्य हुन् भन्नु भयो भने त सकियो ।'

प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोबिन्द आचार्य कार्यालयको काममा असर पर्ने गरी प्रधामनन्त्री कुनै पनि कार्यक्रममा नगएको बताउँछन् । '५० भन्दा बढी पूर्वनिधारित कार्यक्रममा उहाँ सहभागी हुने तय भइसक्यो, तर सार्वजनिक विदाका दिनमा परेका, धेरै सरोकारवाला जोडिएका, साझा किसिमका, अपरिहार्य कार्यक्रमहरुमा मात्रै सहभागी भइरहनुभएको छ', उनले भने ।

प्रधानमन्त्रीले निम्तो आएका दैनिक दर्जन भन्दा बढी कार्यक्रमको निम्तो अस्वीकार गरेको पनि आचार्यले बताए । 'प्रधानमन्त्रीज्यूले एक वर्षको समीक्षामा जुन अठोट गर्नुभएको थियो, त्यसकै आधारमा काम भइरहेको छ' उनी भन्छन् ।

पूर्वमुख्यसचिव कोइराला कम्तीमा प्रधानमन्त्री कार्यालयबाट अन्तरसरकारी र अन्तर तह समन्वयको काम मात्रै राम्रोसँग भए पनि नतिजा देखिने बताउँछन् । 'अहिले सरकारभित्रै सबैभन्दा ठूलो समस्या समन्वयको हो', उनी भन्छन्, 'त्यो गाँठो फुकाइदिने काम त प्रधानमन्त्रीकै हो ।'

१० पुसयता प्रधानमन्त्रीले केही मन्त्रालयका मन्त्री, सचिव र विभिन्न निकायका अधिकारीहरुसँग ब्रिफिङ लिएका थिए । विकास आयोजनाहरुमा देखिएको समस्या समाधान गर्न समन्वय बैठक भने गरेका छैनन् ।

१२ पुसमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयसँग छलफल गरेर निर्देशन दिएका प्रधानमन्त्रीले १६ पुसमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र २३ पुसमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग छलफल गरेका थिए । १४ पुसमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २६ पुसमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) र २९ पुसमा नेपाल औषधि लिमिटेडसँग छलफल गरेर निर्देशन दिएका थिए ।

तर, प्रधानमन्त्री आफ्ना निर्देशन अनुसार काम भए/नभएको 'फलोअप' गर्न छाडेर सरकारको भन्दा पार्टी र सत्ता गठबन्धनका गतिविधिमा व्यस्त बनेका छन् । प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्य भने अपरिहार्य कार्यक्रममा मात्र जाने बताउँछन् । 'पूर्वनिर्धारित जानै पर्दा पनि उहाँ सानो टिममा जानुहन्छ', उनले भने, 'अब प्रधानमन्त्री अपरिहार्य कार्यक्रममा मात्रै जानहुन्छ ।'

*(स्रोतः अनलाइनखबर)*

# 'ईश्वर'को बिन्दबासिनी मन्दिरमा मुहूर्त, भित्रिए माओत्से

काठमाडौं/राजु गिरीको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'ईश्वर'को तालनगरी पोखरास्थित बिन्दबासिनी मन्दिरमा स्क्रिप्ट पूजा गर्दै शुभमुहूर्त गरिएको छ । शनिबार बिहान गरिएको मुहूर्तमा निर्देशक गिरीसहित अभिनेता पृथ्वीराज प्रसाईं लगायत उपस्थित थिए । कास्की जिल्लामा छायांकन हुने फिल्ममा माओत्से गुरुङलाई पनि मुख्य भूमिकामा अनुबिन्धत गरिएको निर्देशक गिरीले जानकारी दिए ।

लक्ष्मी कुँवर थापाको प्रस्तुति रहेको यस फिल्ममा सुनिल थापा, शिशिर वाङ्देल, बुद्धि तामाङ, रविन्द्र झा, सविन बास्तोला र गीता अधिकारीको पनि अभिनय रहनेछ । आगामी माघ २८ गतेबाट छायांकन सुरु गर्न लागिएको फिल्म सामाजिक विषयवस्तुमा निर्माण हुने निर्देशक गिरी बताउँछन् । फिल्ममा निर्देशक गिरीको कथा तथा भोजराज



देवकोटाको पटकथा एवंम् संवाद लेखन रहेको छ ।

दिव्या कंगना फिल्मस्को ब्यानरमा निर्माण हुने फिल्मको निर्मातामा हरिबहादुर थापा र शंकर गिरी छन् भने राजेन्द्र बजगाई र बीपी वाग्लेको संगीत, कविराज गहतराज, देवेन्द्र पाण्डे र सुरेश पाण्डेको कोरियोग्राफी, रामेश्वर हुँमागाईको छायांकन र देव महर्जनको द्वन्द्व निर्देशन रहनेछ । 'मंगलम', 'वीराङ्गना' आदि फिल्ममा काम गरि सकेका पृथ्वीराजले 'ईश्वर'बाट ५ वर्षपछि कमब्याक गर्दैछन् ।

# व्यापारमा छलाङ मार्दै 'हनुमान', भीएफएक्सको चर्चा

काठमाडौं/केही वर्षयता तेलुगू फिल्मले व्यावसायिक हिसाबमा ठूलो सफलता हासिल गरिरहेका छन् । यसबीच, यही शुक्रबारदेखि प्रदर्शनमा आएको अर्को तेलुगू फिल्म 'हनुमान'ले पनि सफलताको संकेत गरेको छ । २५ करोड भारुमा निर्माण भएको फिल्मले प्रदर्शनको दुई दिनमा 'पेड प्रिभ्यूज'सहित तेलुगू, कन्नड, तमिल, मलयालम र हिन्दी भाषामा गरी कूल २४ करोड ७ लाख कमाइसकेको छ ।

बलियो 'माउथ पब्लिसिटी' पछि शनिबारबाट तेलुगूसँगै हिन्दी भर्सनमा फिल्मको अकुपेन्सीमा वृद्धि भएको छ । ट्रेड एनालिस्ट तरण आदर्शका अनुसार, हिन्दी भर्सनमा मात्र तीन दिनमा फिल्मले १० करोडमाथि कलेक्सन गर्नेछ । २५ जनवरी अर्थात् 'फाइटर'भन्दा अघि कुनै ठूलो फिल्म नभएकाले 'हनुमान'ले हिन्दीसहित पाँच भाषामा सय करोडमाथिको कमाई गर्न सक्ने प्रक्षेपण गरिएको छ ।

माइथोलोजी जनरा



(पौराणिक कथा)मा बनेको 'हनुमान'लाई तेलुगूको पहिलो सुपरहिरो फिल्म भनिएको छ । प्रशान्त वर्माको लेखन तथा निर्देशन रहेको फिल्मको भीएफएक्स, ब्याकग्राउन्ड स्कोर र छायांकनको प्रशंसा भइसकेको छ । कम बजेटमा पनि फिल्ममा स्तरीय भीएफएक्स देखिएको छ । समीक्षकले 'ब्रह्मास्त्र' र 'आदिपुरुष'भन्दा पनि राम्रो भीएफएक्स रहेको प्रतिक्रिया जनाएका छन् ।

'हनुमान'को प्लट अन्जनाद्रि नामको एक काल्पनिक गाउँमा आधारित छ, जहाँ हनुमन्थु (तेजा सज्जा)लाई हनुमानको शक्ति मिल्छ । अमृता अय्यर, विनय राय, वरलक्ष्मी सरथकुमार र राज दीपक शेट्टीको पनि फिल्ममा अभिनय रहेको छ ।

'हनुमान' हेरेका प्रायः दर्शकले सामाजिक सञ्जालमा तेजा सज्जालाई तेलुगूको नयाँ सुपरस्टार भनेका छन् । नेपालमा भने यो फिल्म रिलिज भएको छैन ।

# छोरालाई '१२ गाउँ'बाट हिरो बनाउँदै विराज

काठमाडौं/नेपाली फिल्ममा 'स्टार किड्स'को प्रवेश बाक्लिरहेको समयमा अब 'एक्सन स्टार' विराज भट्टका छोरा पनि हिरो बन्ने भएका छन् । विराजले आफ्नो निर्देशन तथा निर्माण रहने नयाँ फिल्म '१२ गाउँ'बाट जेठो छोरा समीर भट्टलाई हिरो बनाउन लागेका हुन् । विगत १० वर्षदेखि समीरले मुम्बईमा बसेर अभिनयसँगै मार्सल आर्टको तालिम लिइसकेको जनाइएको छ । उनी उमेरले २४ वर्षका छन् ।

विराजले लामो समयदेखि छोराका तस्वीरहरु लुकाइरहेका थिए । आफ्नै फिल्मबाट डेब्यू गराउने निश्चित भएपछि उनले आइतबार छोराको एक आकर्षक तस्वीर मिडियालाई उपलब्ध गराएका छन्, जसमा समीर 'सिक्स प्याक'सहित देखिएका छन् । उनी पिताझैँ अग्ला कदका छन् भने लुक्स चकलेटी छ । व्यवस्थापन संकायमा ग्रेजुएशन गरेका उनी मुम्बईस्थित अँधेरीमा बस्दै आएका छन् ।

केही स्थापित नेपाली मेकरले यसअघि नै समीरका तस्वीरहरु हेरेपछि उनलाई फिल्ममा डेब्यू गराउने इच्छा राखेका थिए । त्यसका लागि विराज पनि सकारात्मक देखिएका थिए । तर, पछि उनी आफ्नै होम प्रोडक्सनको फिल्मबाट छोरालाई हिरो बनाउने निर्णयमा पुगेका हुन् । अहिले पनि केही निर्माताले समीरलाई फिल्ममा लिन विराजसँग निरन्तर रुपमा भेट गरिरहेको निकट स्रोत बताउँछ ।

सन्तोष सरकारको कथा तथा पटकथा रहेको '१२ गाउँ'मा विराजको पनि अभिनय रहने जनाइएको छ । फिल्मको नेपाल र



भारतमा छायांकनको तयारी गरिएको छ । भारतका केही चर्चित कलाकारलाई पनि फिल्ममा लिने योजनामा विराज छन् । उनी फिल्ममा अहिलेसम्मकै स्तरीय एक्सन हुने दाबी गर्छन् । २०७६ सालमा रिलिज भएको 'साइलो'बाट विराजले निर्देशनमा डेब्यू गरेका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# भारतले धान आयातको कोटा नदिंदा नेपाली चामल उद्योग समस्यामा


काठमाडौं/भारतबाट सहुलियतमा धान ल्याउन नपाएपछि नेपाली चामल उद्योगहरु संकटमा परेका छन् । यसले चामलको उपभोक्ता मुल्य समेत बढ्ने उनीहरू बताउँछन् ।

सरकारी तथ्यांकअनुसार हरेक वर्ष भारतबाट ५ देखि ६ लाख मेट्रिक्टन धान आयात हुने गरेको छ । आर्थिक वर्ष ०७७/७८ मा साढे ६ लाख मेट्रिक टन धान आयात भएको थियो । त्यसपछि क्रमशः ५ लाख ४६ हजार र ५ लाख ५८ हजार मेट्रिक टन धान आयात भएको छ । चालु आर्थिक वर्षमा पनि १ लाख १० हजार मेट्रिक टन धान आयात भइसकेको छ ।

धानकै हाराहारीमा भारतबाट चामल पनि आयात हुने गरेको छ । पछिल्लो समय भारतले महंगो चामल मात्र निर्यातमा गर्न दिएको छ भने धानमा २० प्रतिशत निर्यात शुल्क लगाएको छ ।

नेपाललाई ६ लाख टन धानमा निर्यात शुल्क नलिने गरी कोटा तोक्यो । त्यो कोटाको अवधि यही सेप्टेम्बरमा सकियो । अहिले भारतबाट आयात गरिने धानमा २० प्रतिशत निर्यात शुल्क तिर्नु परेको उद्योगीहरू बताउँछन् । यसले नेपालका उद्योगहरुलाई समस्या परेको नेपाल चामल, तेल, दाल उत्पादक संघका अध्यक्ष कुमुद दुगडले बताए ।

खासगरी नेपालमा लोकप्रिय रहेको जीरा मसिनो चामलको कच्चा पदार्थको रुपमा रहेको कतर्नी




धानमा समस्या परेको छ । अन्य धान नेपालमा पाइने भएपनि कतर्नीमा पूर्णरुपमा भारतमा निर्भर हुनुपरेको संघका उपाध्यक्ष राहुल अग्रवाल बताउँछन् । 'अनौपचारिक रुपमा त आइरहेको छ, तर उद्योगीहरुले त्यस्तो धान लिन सक्दैनौं,' उनले भने ।

अधिकारीहरूका अनुसार नेपाल सरकारले भारतसँग १० लाख मेट्रिक टन धान र १ लाख मेट्रिक टन चामल आयातका लागि भन्साररहित सुविधा दिन अनुरोध गरेको थियो । तर भारतले ९५ हजार टन चामल आयातमा निर्यात शुल्क नलिने बतायो । त्यो धान चामल भारतको नेसनल कोअपरेटिभ एक्सपोर्ट्स लिमिटेड (एनसीईएल) सँग मात्रै आयात गर्न पाउने नियम भारतले बनाएको छ । एनसीईएलसँग धान चामल आयात गर्ने प्रक्रिया अत्यन्तै झन्झटिलो भएकाले त्यसो गर्न नसकिएको अध्यक्ष दुगडले बताए ।

भारतसँग कूटनीतिक पहल गरी निर्यात शुल्क नलिने गरी धान आयात खुलाउन पहल गर्नुपर्ने उनी बताउँछन् । यसो नगरे तस्करी मौलाउने उद्योगीहरु बताउँछन् । 'प्रतिबन्ध नै लगाए पनि नेपालमा आउन त रोकिँदैन । तस्करी भएर दैनिक करिब ८ हजार बोरा चामल भित्रिरहेको छ' अध्यक्ष कुमुद दुगडले भने, 'त्यसरी सस्तोमा भित्रने चामलसँग नेपाली उद्योगहरुले प्रतिस्पर्धा गर्न सक्दैनन् । नेपाली उद्योगलाई संकटतर्फ धकेलिएका छन् ।'

यसैबीच शुक्रबार र शनिबार भएको भारत-नेपाल अन्तर सरकारी उपसमिति (आईजीएससी) को बैठकमा नेपाल ल्याइने धानमा सहुलियत दिनेबारे विषयमा छलफल भएको थियो ।

नेपाली पक्षको नेतृत्व गरेका उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव रामचन्द्र तिवारीका अनुसार धान तथा चामल निर्यात गर्न दिन सहजीकरण गरि दिन अनुरोध गरेका थियो । उनले भने, 'यस विषयमा सम्बन्धित निकायमा जानकारी गराई नेपालको माग सम्बोधन गर्ने प्रयास गर्ने प्रतिबद्धता भारतीय पक्षले गरेको छ ।'

*(स्रोतः अनलाइनखबर)*

# उद्योगमा बिजुली जोडिदिएसँगै दैनिक ८ देखि ११ घण्टासम्म अघोषित लोडसेडिङ

काठमाडौं/नेपाल विद्युत् प्राधिकरणले औद्योगिक क्षेत्रमा दैनिक ८ देखि ११ घण्टासम्म अघोषित रूपमा लोडसेडिङ गर्न सुरु गरेको छ । डेडिकेटेड र ट्रंक लाइन विवादमा २३ वटा ठूला उद्योगमा काटिएको लाइन जोडिदिएपछि तत्कालै प्राधिकरणले लोडसेडिङ गर्न सुरु गरेको हो ।

हरेक दिन पिक समय अर्थात् बिहान ५ बजेदेखि ११ बजेसम्म र बेलुका पनि ५ बजेदेखि १० बजेसम्मको समयमा लोडसेडिङ गरिरहेको सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापाले जानकारी दिए ।

लाइन काट्नुअघि चाहिँ दैनिक चार घण्टाका दरले लोडसेडिङ भइरहेको थियो । तर, २४ वटा उद्योगहरुमा लाइन काटेपछि विद्युत् उपभोग घटेका कारण प्राधिकरणले औद्योगिक क्षेत्रमा पनि लोडसेडिङ हटाएको थियो ।

लाइन काटिएका उद्योगहरुमा पुनः लाइन जोडिदिए लगत्तै लामो समय लोडसेडिङ सुरु भएको हो । 'एकपटक बन्द भएपछि सिमेन्ट उद्योग पुनः तताउनै २-३ घण्टा लाग्छ, त्यसो हुँदा बिहान-बेलुका नै लोडसेडिङ हुन थालेपछि उत्पादन नराम्रोसँग प्रभावित भएको छ,' अध्यक्ष थापाले भने ।

गत वर्ष अधिकतम् ७-८ घण्टा लोडसेडिङ हुने गरेकोमा यो वर्ष सुरुवातमै त्यसभन्दा बढी विद्युत् कटौती हुन थालेको हो ।

'सुरुमै यति लोडसेडिङ गर्न थालेपछि यो बढ्दै गएर १४-१५ घण्टा पुग्ने हो कि भन्ने डर छ,' नेपाल रोलिङ मिल्स एसोसियसनका अध्यक्ष शाहिल अग्रवालले भने । प्राधिकरणले मौखिक रुपमा जानकारी दिएर लोडसेडिङ गरिरहेको उनले बताए । 'नियमित लोडसेडिङ हुने गरेको छ, त्यसो गर्दा प्राधिकरणले तालिका नै निकाल्नुपर्ने हो, तर निकालेको छैन,' उनले भने ।

आफ्नो उद्योगमा दैनिक आठ घण्टा लोडसेडिङ भइरहेको रिलायन्स स्पिनिङ मिलका सञ्चालक शशिकान्त अग्रवालले जानकारी दिए । 'हिजो बेलुका ७ बजेदेखि ११ बजेसम्म लाइन काटिएको थियो, आज बिहान पनि ५ बजेदेखि ९ बजेसम्म काटियो, बेलुका पनि ७ बजेदेखि ११ बजेसम्म नै लाइन काटिने जानकारी दिइएको छ,' उनले भने ।

लोडसेडिङ नै गर्ने हो भने पनि तालिका दिएर गर्नुपर्ने उनले बताए । 'लोडसेडिङ तालिका दिने हो भने कतिबेला उद्योग सञ्चालन गर्ने भनेर हामीले योजना बनाउन पाउँछौं, जतिबेला मन लाग्यो, त्यतिबेला लाइन काटिदिएर उद्योगीहरुलाई अप्ठ्यारोमा पारिएको छ,' उनले भने ।

*(स्रोतः अनलाइनखबर)*

# नवसर्जकलाई लेखन कार्यशाला



साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/ हेटौंडामा नवसर्जकलाई सिर्जनात्मक लेखन कार्यशाला आयोजना गरिएको छ । नवसर्जक सहित्य चौतारी नेपालको आयोजना तथा ४ नम्बर वडा कार्यालय हेटौंडा उपमहानगर पालिकाको सहयोग एवम् प्याब्सन मकवानपुरको सहकार्यमा कार्यशाला संचालन भएको हो ।

कार्यशालामा अग्रज साहित्यकार, समालोचक तथा अभियन्ता प्राध्यापक देवी नेपालले सहजीकरण गरेका थिए । एकदिने कार्यशाला चौतारीकी उपाध्यक्ष कृतिका लौडारीको अध्यक्षता एवम् हेटौंडा उपमहानगरपालिका-४ वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा भएको हो । सिर्जनात्मक लेखन कार्यशालामा मकवानपुरका सामुदायिक तथा संस्थागत गरी ३५ वटा विद्यालयका ३ सय जनाभन्दा बढी विद्यार्थी तथा शिक्षकको सहभागिता रहेको थियो ।

उत्साही विद्यार्थीको सहभागिता रहेको कार्यशाला ३ घण्टाको अवधिमा ८० जनाभन्दा बढी विद्यार्थीले कविता लेखेर सुनाएका थिए । कार्यशालामा सहयोगी निकाय वडा नम्बर-४ का सदस्यहरु गीता त्रिपाठी, जेन श्रेष्ठ, संस्थाका सल्लाहकार तथा पुरस्कार संस्थापकहरु रमेशमोहन अधिकारी, डिबी बर्तौला, विष्णु न्यौपाने, अर्चना दाहाल, प्रभा पौडेल, पुरुषोत्तम आचार्य, हरिकृष्ण काफ्ले, विष्णुप्रसाद अधिकारी, मसान उपासक, तुलसी घिमिरे लगायतको उपस्थिति रहेको थियो ।

यसैगरी मकवानपुरका साहित्यिक संस्थाहरु साहित्य संगम, झरना साहित्यिक परिवार, सिस्नुपानी नेपाल, प्रगतिशील लेखक संघ, मातृभूमि साहित्य समाज, गजल मञ्च, आँचल साहित्य कला पुञ्ज, मुक्तक मञ्च, बुढ्यौली साहित्य समाज, नेपाली लेखक संघ, भीम विराग संगीत साहित्य कला प्रतिष्ठान लगायत संघसंस्थाका प्रतिनिधिले समेत कार्यशालमा सहभगिता जनाएका थिए ।

प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदी, वडाध्यक्ष सिग्देल लगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रममा विद्यार्थी पुस्तक पसल, हेटौंडाका संचालक पुष्कल नेपालले आवश्यक सामग्री सहयोग गरेका थिए ।

# थाहामा नि:शुल्क पशुस्वास्थ्य शिविर



साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/थाहा नगरपालिका-४, स्थित माथिल्लो क्षेत्रका किसानले पालेका पशुपंक्षीका लागि आन्तरिक तथा बाह्य परिजीवी नियन्त्रणसम्बन्धी एकदिने पशुस्वास्थ्य शिविर भएको छ ।

ड्रेन्चिङ कार्यक्रम अन्तर्गत पशु विकास शाखाको आयोजनामा शिविर भएको हो । वडाको विभिन्न टोलमा रहेका कृषि तथा पशु समूह र व्यक्तिगत पशु र पंछीलाइ औषधि बितरण गरिएको कार्यक्रमअन्तर्गत २८ पुसमा वडाको फापरबारी, जुरेथुम, जकरघारी र ठुलोमार्खुमा शिविर संचालन गरिएको हो ।

नगरपालिकाको पशु प्राविधिक रुपेशकुमार मिश्रका अनुसार शिविरमा भैंसी, राँगा ९९ वटा, गाई, गोरु ३० वटा, बाख्रा, बोका, खसी ६ सय ३९ वटा कुखुरा ३ सय ४५ र कुकुर १२ वटालाई औषधि वितरण गरिएको थियो ।

शिविरमा वडाअध्यक्ष नारायण लामा, वडासदस्य चन्द्रमाया बलको उपस्थिति रहेको कार्यक्रममा केही पशुको उपचार गरिएको पशु प्राविधिक मिश्रले जानकारी दिएका छन् ।

# टासी छ्योलिङ गुम्बाको नवनिर्मित भवन उद्घाटन

साझाकुरा संवाददाता



हेटौंडा, २९ पुस/हेटौंडा उपमहानगरपालिका-१३, स्थित मेम्बर टोलमा रहेको टासी छ्योलिङ गुम्बाको नवनिर्मित भवन उदघाटन गरिएको छ ।

टासी छ्योलिङ गुम्बाकी अध्यक्ष लक्ष्मी थिङको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले आईतबार टासी छ्योलिङ गुम्बाको १५ औं साधारणसभाको अवसरमा नवनिर्मित गुम्बा भवन उद्घाटन गरेका हुन् । २०७२ सालको भुकम्पबाट पूर्णरुपमा क्षति भएको गुम्बा संघीय सरकार, बागमती प्रदेश सरकार र वडाको सहयोग तथा स्थानीयको श्रमदान १ करोड १७ लाख रुपैयाँमा निर्माण गरिएको गुम्बाको उदघाटन गरिएको हो ।

साधारणसभा तथा गुम्बा भवनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नेता बानियाँले तामाङ जातिको बाहुल्य रहेको मेम्बर टोलमा बौद्ध गुम्बाले सबै टोल समुदायमा रहेका जनतालाई एकजुट बनाउँदै सत्य र अहिंसाको बाटोमा लाग्न प्रेरित गर्ने विश्वास लिए । भुकम्पबाट क्षतविक्षत भएको गुम्बा स्थानीय समाजसेवी तथा अग्रजहरुको आग्रहमा आफूले प्रदेश सरकारबाट वजेट विनियोजनमा सहयोग गरेको बताउँदै नेता बानियाँले आगामी दिनमा पनि यसको घेराबारा तथा पूर्वाधार निर्माणमा सक्दो सहयोग गर्ने प्रतिवद्दता व्यक्त गरेका छन् ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, हेटौंडा उपमहानगर पालिका उपमेयर राजेश बानियाँ, हेटौंडा-१३ का वडाअध्यक्ष पेम्बा लामा, बौद्ध धर्मगुरु निमा छोगेल लामा, गुम्बाका उपाध्यक्ष शंकर बहादुर थिङलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# संगमचोकमा मृत भेटिए गुरुङ

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/हेटौंडा उपमहानगरपालिका-२, संगमचोक स्थित खाली घरमा एक पुरुष सुतिरहेकै अवस्थामा मृत फेला परेका छन् ।

हेटौंडा-५ सानोपोखराका अन्दाजी ४५ वर्षीय राजु गुरुङ मृत अवस्थामा फेला परेको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

कोही नबस्ने घरमा सुतिरहेका गुरुङ अचेत अवस्थामा देखेपछि स्थानीयले वडा प्रहरी कार्यालयलाई खबर गरेका थिए । घटनाको आवश्यक अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक भण्डारीले बताएका छन् ।

# मुस्लिम संगठन बागमती प्रदेश अध्यक्षमा समिम

साझाकुरा संवाददाता




हेटौंडा, २९ पुस/नेपाल मुस्लिम इत्तेहाद संगठनको बागमती प्रदेश अध्यक्षमा मकवानपुरका महम्मद समिम निर्विरोध निर्वाचित भएका छन् । हेटौंडामा भएको प्रथम अधिवेशनबाट समिमको अध्यक्षतामा ११ सदस्यीय प्रदेश कमिटी निर्माण भएको छ ।

संगठनको उपाध्यक्षमा निसारुद्दिन मिया, मजित सिद्धिकी, सचिवमा रहिमुद्दिन मिया तथा सहसचिवमा जुबेर मिया चयन भएको आयोजक कमिटीले जनाएको छ । अध्यक्ष निर्वाचित भएपछि प्रतिक्रिया दिँदै समिमले बागमती प्रदेशमा राम्रो उपस्थिति रहेको मुस्लिम समुदायको हकअधिकार स्थापित गर्न आफू लागिपर्ने बताए ।

नेपालको सन्दर्भमा पछि परेको मुस्लिम समुदायलाई मूलधारमा ल्याउन बागमती प्रदेश कमिटीले भूमिका निर्वाह गर्ने उनको भनाइ रहेको छ ।

# मनहरीबाट लागूऔषध चरेशसहित पाँचजना पक्राउ

साझाकुरा संवाददाता



हेटौंडा, २९ पुस/ मकवानपुरको पश्चिमीक्षेत्र मनहरीबाट करिब ८ किलो ८ सयग्राम अवैध लागूऔषध चरेश ओसारपसारको आरोपमा पाँचजना पक्राउ परेका छन् ।

प्रहरीले मनहरी गाउँपालिका-६ नयाँबस्ती बस्ने ४० वर्षीय रामनारायण श्रेष्ठ, बारा जीतपुर सिमरा उपमहानगरपालिका-६ बस्ने २१ वर्षीय याकुब खान, बारा परवानीपुर गाउँपालिका-३ बस्ने २० वर्षीय मुकेश राम भन्ने मुस्की राम, पर्सा वीरगज उपमहानगर पालिका-२१ बस्ने २० वर्षीय ईर मान आलम र सोही ठाउँ बस्ने २१ वर्षीय सोयल मियालाई पक्राउ गरेको जानकारी दिएको छ । इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले मनहरी गाउँपालिका-७ मा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना.३ च ७४०४ नम्बरको कारमा सवार याकुब खानलाई ३ सयग्राम चरेश जस्तो देखिने वस्तुसहित पक्राउ गरेको थियो ।

थप अनुसन्धानको क्रममा खानले लागूऔषध रामनारायणसँग लिएको खुल्न आएपश्चात् उनको घरबाट थप ८ किलो ५ सयग्राम चरेश बरामद गरी रामनारायण र कारमा सवार याकुब समेत चार जनालाई प्रहरीले आइतबार पक्राउ गरेको जानकारी दिएको छ । घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको मकवानपुर प्रहरीले जनाएको छ । मकवानपुरमा गाँजासहितको लागूऔषध ओसार पसार गरेको आरोपमा प्रहरीले दिनहुँ जस्तो आरोपितहरु पक्राउ गर्दै आइरहेको छ ।

# स्वर्गीय अर्यालको आँखाको नानी संकलन

साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/हेटौंडा उपमहानगरपालिका-१३ का २० वर्षीय योगेश अर्यालको आँखाको नानी संकनल गरिएको छ । स्वर्गीय अर्यालका काका नवराजले परिवारको ईच्छाअनुसार स्वर्गीय अर्यालको आँखा दान गरिएको हो ।

दुर्घटनामा परेर मृत्यु भएका अर्यालका आफन्त पूर्णप्रसाद अर्यालले परिवारमा नसोचेको घटना घटेपनि बितेर जाने व्यक्तिको आँखाको नानीले दृष्टिविहीनले आँखाको दृष्टि पाउने कुरा सुन्दा परिवार तयार भएको बताए ।

मृतकका छिमेकी माधव घिमिरेले पनि आँखा संकलनका लागि अर्याल परिवारमा आवश्यक समन्व गरेका थिए । हेटौंडा सामुदायिक आँखा अस्पतालमा पहिलोपटक हेटौंडा-४ खोपेगल्लीका रामकृष्ण श्रेष्ठको नानी संकलन गरिएको थियो । त्यसपश्चात विभिन्न समयमा गरेर हालसम्म १९ जनाको आँखाको नानी संकलन गरी सकिएको छ ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# उपाधि होडमा विनयबाबु स्मृति र छहारी युवा समाज



साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/थाहा नगरपालिका-९, स्थित चित्लाङमा जारी जिल्लास्तरीय भलिबल प्रतियोगितामा विनयबाबु स्मृति प्रतिष्ठान र छहारी युवा समाज उपाधि नजिक पुगेका छन् ।

स्वच्छन्दभैरव युवा क्लवको आयोजना भएको प्रतियोगिताअन्तर्गत् आइतबारको पहिलो सेमिफाइनल खेलमा चित्लाङ खेलकुद विकास समितिलाई सोझो सेटले पराजित गर्दै विनयबाबु स्मृति प्रतिष्ठान फाइनल प्रवेश गरेको हो । चित्लाङलाई २५-१५, २५-२१ र २५-१८ को सोझो सेटले पराजित गर्दै विनयबाबु विजयी भएको हो । आइतबारको दोस्रो सेमिफाइनल खेलमा छहारी युवा समाज हेटौंडा विजयी भएको छ । खेलकुद विकास समिति थाहा-५ लाई २५-१७, २५-१५, २०-२५, २५-१६ को सेटले पराजित गर्दै छहारी युवा समाज विजयी भएको हो ।

प्रतियोगिताको फाइनल खेल आज सोमबार १ माघमा हुनेछ । प्रतियोगितामा चित्लाङ खेलकुद विकास समिति थाहा-९ तृतीय हुन सफल भएको छ । खेलकुद विकास समिति थाहा-५ लाई सोझो सेटले पराजित गर्दै चित्लाङले तृतीय स्थान ओगट्न सफल भएको हो ।

खेलकुद विकास समिति थाहा-५ लाई २५-१७, २५-१८, २५-१६ ले पराजित गर्दै चित्लाङ खेलकुद विकास समिति विजयी भएको स्वच्छन्दभैरव युवा क्लवका सचिव निर्मल बलामीले जानकारी दिए । प्रतियोगिताको विजेताले नगद ६० हजार रुपैयाँ, उपविजेताले नगद ३० हजार रुपैयाँ र तेस्रो हुनेले नगद २० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# वनस्पतिमा मानसिक स्वास्थ्यसम्बन्धी अभिमूखीकरण



साझाकुरा संवाददाता

हेटौंडा, २९ पुस/हेटौंडा उपमहानगरपालिका-१३, स्थित वनस्पतिमा मनोसामाजिक स्वास्थ्य सम्बन्धी अभिमूखीकरण कार्यक्रम भएको छ ।

हेटौंडा उपमहानगर पालिका कार्यालय तथा पदमपोखरी अस्पतालको आयोजनामा मनोसामाजिक समस्यासम्बन्धी समुदायस्तरमा सरोकारवालालाई एकदिन अभिमूखीकरण गरिएको पदमपोखरी अस्पतालका सिनियर अहेव तथा कार्यक्रम व्यवस्थापक शेरबहादुर ब्लोनले जानकारी दिए । पदमपोखरी अस्पतालका डा.निशान अर्यालले सहजीकरण गरेका थिए ।

अभिमूखीकरण कार्यक्रममा ५० जना भन्दा बढी सरोकारवाला तथा स्थानीयको सहभागिता रहेको कार्यक्रमको सहजीकरण गरेको संस्था 'कोशिस'की सामुदायिक अभियानकर्मी प्रेणम वाइबाले जानकारी दिएकी छन् ।

हेटौंडा उपमहानगर पालिका-१३ का वडाअध्यक्ष पेम्बा लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा वडासदस्य धावा लामालागायतको आतिथ्यता रहेको थियो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना